# सुदूरपश्चिम विश्वविद्यालय

## विश्वविद्यालय केन्द्रीय क्याम्पस

## शिक्षाशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर, कञ्चनपुर

# स्नातकोत्तर तह शोध कार्य सम्बन्धी कार्यविधि २०८२

**२०८२ मङ्सिर**

# सुदूरपश्चिम विश्वविद्यालय

# शिक्षाशास्त्र केन्द्रीय विभाग

## स्नातकोत्तर तह शोध कार्य सम्बन्धी कार्यविधि २०८२

शिक्षाशास्त्र केन्द्रीय विभागद्वारा मिति २०८२।०८।१६ गते स्वीकृत ।

सुदूरपश्चिम विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत सञ्चालित स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रमहरूमा समावेश गरिएको शोधपत्र लेखन कार्यलाई व्यवस्थित गरी मर्यादित र प्रभावकारी बनाउन सुदूरपश्चिम विश्वविद्यालय **अनुसन्धान समिति सम्बन्धी कार्यविधि २०७७** को २ (छ) अनुसार यो स्नातकोत्तर तह शोध शोधकार्य सम्बन्धी कार्यविधि २०८२ निर्माण गरी जारी गरिएको छ । यो कार्यविधि यस विभागद्वारा स्विकृत भएको मिति देखि लागु हुनेछ ।

### १. विभागीय अनुसन्धान समिति

क. यस विभागमा सुदूरपश्चिम विश्वविद्यालय अनुसन्धान समिति सम्बन्धी कार्यविधि २०७७ को २ (क) (ख) र (ग) बमोजिमको विभागीय अनुसन्धान समिति रहनेछ ।

ख. विभागीय अनुसन्धान समितिले स्नातकोत्तर तहमा अनुसन्धान प्रस्तावना लेखन, अनुसन्धान कार्य तथा शोधपत्र लेखनका लागि विद्यार्थीहरूलाई प्राज्ञिक लेखन, अनुसन्धान पद्धति, अनुसन्धान प्रतिवेदनमा प्रयोग हुने भाषा तथा शैली लगायत अन्य आवश्यक कार्यसम्बन्धी अभिमुखीकरणको व्यवस्था मिलाउनेछ ।

ग. विभागीय अनुसन्धान समितिले विभाग अन्तर्गतका विभिन्न अनुसन्धान कार्यहरूमा सहजीकरण तथा अनुगमन/निरिक्षण गर्नुका साथै शोधकार्यको मूल्याङ्कनको व्यवस्था मिलाउनेछ ।

घ. विभागीय अनुसन्धान समितिलाई बैठकको बेला विभागले नियमानुसार बैठक भत्ता/खाजाको व्यवस्था गर्न सक्नेछ ।

### २. शोध प्रस्तावना लेखन

क. स्नातकोत्तर तहको चौथो सेमेस्टरको अन्तिम नतिजा प्रकाशित भएको एक हप्ताभित्र शोध प्रस्तावना लेखन, शोधकार्य तथा शोध प्रतिवेदन लेखनका विभिन्न पक्षहरू सम्बन्धी अभिमुखीकरणको व्यवस्था विभागीय अनुसन्धान समितिले मिलाउनेछ ।

ख. अभिमुखीकरणका लागि विद्यार्थीहरूले अनुसूची १ अनुसारको फारम भर्नुपर्नेछ ।

ग. अभिमुखीकरण, शोध प्रस्तावना लेखन सहजीकरण तथा मूल्याङ्कनबापत प्रति विद्यार्थी रु १५०० शुल्क लिइनेछ ।

घ. अभिमुखीकरण, शोध प्रस्तावना लेखन तथा मूल्याङ्कनमा संलग्न भई कार्य गरेबापत विभाग प्रमुखलाई प्रति विद्यार्थि रु २५०, सुपरिवेक्षकलाई रु ९००, विज्ञ (एक जना) लाई रु २०० र प्रशासनिक खर्चका लागि रु १५० प्रदान गरिनेछ ।

ङ. शोधकार्य सम्बन्धी अभिमुखीकरण भएको तेस्रो हप्तामा शोध प्रस्तावनाको मूल्याङ्कन गरी स्वीकृत शोध प्रस्तावनाहरूका आधारमा शोधकार्य गर्ने अनुमति दिइनेछ ।

**३. शोध कार्य तथा शोध प्रतिवेदन लेखन**

क. शोध प्रस्तावना स्वीकृत भइसकेपछि विद्यार्थीले संबन्धित विषय समितिको सिफारिशमा विभागद्वारा तोकिएको सुपरिवेक्षकको मार्गदर्शन तथा निर्देशनमा शोधकार्य गर्नुपर्नेछ ।

ख. शोधकार्य तथा शोधपत्रलेखनका क्रममा विद्यार्थीले आफ्नो प्रगति विवरण सुपरिवेक्षक समक्ष प्रस्तुत गरी सुपरिवेक्षकको सुझाव अनुरूप परिमार्जन तथा सुधार गर्दै कार्य गर्नुपर्नेछ ।

ग. शोधपत्रको ढाँचा तथा शैली संकाय वा विभागले निर्धारण गरे अनुरुप हुनुपर्नेछ ।

**४. शोध कार्य तथा शोध प्रतिवेदनको अन्तिम मूल्याङ्कन**

क. सुपरिवेक्षकको सुपरिवेक्षणमा शोधकार्य तथा शोध प्रतिवेदन लेखन पुरा भइसकेपछि शोध प्रस्तावना स्वीकृति भएको मिति देखि कम्तीमा २५ दिन को अन्तर रहनेगरी वा संकायद्वारा निर्मित शोधपत्र लेखन सम्बन्धी कार्यविधि अनुसार शोधपत्र सुपरिवेक्षकको सिफारिस साथ विभागमा पेश गर्नुपर्नेछ ।

ख. विद्यार्थीले शोधपत्र पेश गरेको सामान्यतया दुई हप्ताभित्र विभागले शोधपत्र लेखनको बाह्य मूल्याङ्कनको व्यवस्था मिलाउनेछ ।

ग. शोधपत्रको अन्तिम मूल्याङ्कनको लागि विभाग प्रमुख, आन्तरिक सुपेरिवेक्षक र बाह्य परिक्षक गरी तीन सदस्यीय मूल्याङ्कन समिति रहने छ ।

घ. अन्तिम मूल्याङ्कनका लागि शोधपत्र बुझाउँदा विद्यार्थीले शोधकार्य तथा शोध पत्रको अन्तिम मूल्याङ्कन बापत रु १०,५०० शुल्क बुझाउनुपर्नेछ ।

ङ. विद्यार्थीको शोधकार्य, शोध पत्रलेखन र अन्तिम मूल्याङ्कनमा संलग्न भई कार्य गरेबापत प्रति विद्यार्थि विभाग प्रमुखलाई रु १२००, सुपरिवेक्षकलाई रु ३६००, बाह्य परीक्षकलाई रु १०००, प्रशासनिक कार्यबापत रु १००० प्रदान गरिनेछ भने मूल्याङ्कन समितिलाई खाजाबापत रु ५०० र बाह्य परीक्षकको यातायात तथा दैनिक भत्ता विश्वविद्यालयको नियमअनुसार प्रदान गरिनेछ ।

च. अन्तिम मूल्याङ्कनमा विज्ञको रुपमा अनुसंधान व्यवस्थापन कक्ष (Research Management Cell) का अध्यक्ष तथा संबन्धित विषय समितिका अध्यक्ष वा निजले तोकेको विषय समितिको सदस्य गरी दुई जना विज्ञलाई आमन्त्रित गर्न सकिने छ । विज्ञहरुलाई प्रति विज्ञ प्रति शीफ्ट (अधिकतम चार जना) रु. ५०० का दरले पारिश्रमिक उपलब्ध गराईने छ ।

छ. सुदूरपश्चिम विश्वविद्यालय परीक्षा व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७८ को परिच्छेद ४ को दफा ४.२.७ अनुसार विद्यार्थीले अन्तिम वर्ष वा सेमेष्टरको परीक्षाको परीक्षाफल प्रकाशित भएको मितिले तीन महिना अर्थात् ९० दिनभित्र शोधपत्र पेश गरेमा मात्र त्यस्तो विद्यार्थीलाई नियमित विद्यार्थी मानिनेछ ।

ज. शोधकार्य एवं शोध प्रतिवेदन प्रस्तुतिकरणको अन्तिम मूल्याङ्कन शिक्षाशास्त्र संकाय द्वारा जारी गरिएको शोधपत्र लेखन कार्यविधि २०७९ अनुरूप तोकिएको ढाँचामा गरी प्राप्तङ्कपत्र सम्बन्धित निकायमा बुझाउनुपर्नेछ।

## ५. शोध कार्य सम्बन्धि नैतिक आचरण

क. विद्यार्थीले शोधकार्य तथा शोधपत्र लेखनका क्रममा अनुसन्धान सम्बन्धी नैतिक आचरणहरूको पूर्णरूपमा पालन गर्नुपर्नेछ।

ख. बौद्धिक चोरी सम्बन्धी व्यवस्थाः शोधपत्रको बौद्धिक चोरी परीक्षण गर्दा समानता सूचक २०% भन्दा मुनि आएमा शोधपत्र स्वीकार्य हुनेछ। समानता सूचक २०% देखि ५०% सम्म पाइएमा विद्यार्थीलाई शोधपत्र सुधार गरी समानता सूचकलाई २०% भन्दा मुनि ल्याउन मौका दिइनेछ। समानता सूचक ५०% भन्दा माथि पाइएमा उक्त शोधपत्र अस्वीकृत गरिनेछ।

ग. कृत्रिम बौद्धिकताको प्रयोग सम्बन्धी व्यवस्थाः शोधपत्र निर्माणका क्रममा कृत्रिम बौद्धिकता साधनहरूको प्रयोग ३०% भन्दा मुनि पाइएमा शोधपत्र स्वीकार्य हुनेछ। उक्त प्रतिशत ३० देखि ६० सम्म पाइएमा शोधपत्रलाई सुधार गर्ने मौका दिइनेछ भने ६०% भन्दा बढी विषयवस्तु कृत्रिम बौद्धिकता साधनहरूको प्रयोगद्वारा सिर्जना गरेको पाइएमा शोधपत्र रद्द गरिनेछ।

## ६. शोध कार्यमा बिलम्ब

क. विद्यार्थी शोधकार्यका लागि सुदूरपश्चिम विश्वविद्यालय परीक्षा व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७८ को परिच्छेद ३ को दफा ३.५.१६ अनुरूप चार वर्षे स्नातक तहमा आठ वर्षसम्म तथा दुई वर्षे स्नातकोत्तर तहमा ६ वर्षसम्म योग्य हुनेछ।

ख. सुदूरपश्चिम विश्वविद्यालय परीक्षा व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७८ को दफा ४.२.७ अनुसार ९० दिनभित्र शोधकार्य सम्पन्न गरी शोधपत्र पेश गरेका विद्यार्थीहरूले यस कार्यविधिको ४ (घ) बमोजिमको शुल्क बुझाउनुपर्नेछ।

ग. ९० दिन भित्र शोधपत्र पेश गर्न नसक्ने विद्यार्थीले बिलम्ब शुल्क तिर्नुपर्नेछ।

घ. विलम्ब शुल्क स्वरूप नियमित अवधि समाप्त भएको ६ महिनाभित्र शोधपत्र पेश गरेमा १०%, ६ देखि १२ महिनाभित्र पेश गरेमा २०% र एक वर्षपछि पेश गरेमा ३०% थप शुल्क लाग्नेछ।

ङ. बुँदा ६ (घ) मा भएको बिलम्ब शुल्क सम्बन्धि व्यवस्था यो कार्यविधि लागु भएको मिति भन्दा पूर्व आफ्नो नियमित कार्यक्रम (२ वर्ष) पूरा गरेका विद्यार्थीहरुको हकमा १०% मात्र हुनेछ।

## ७. समय सापेक्ष परिमार्जन

क. यस कार्यविधिलाई समय सापेक्षरुपमा आवश्यकता अनुसार परिमार्जन गर्न सकिनेछ।

ख. कार्यविधिको कुनै बुँदा वा विषयवस्तुमा अस्पष्टता भएमा त्यसलाई सुदूरपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, तथा विभागको नियमानुसार स्पष्ट पार्ने अधिकार विभागीय अनुसन्धान समितिको हुनेछ।

***

अनुसूची १

# सुदूरपश्चिम विश्वविद्यालय
## शिक्षाशास्त्र संकाय
## शिक्षाशास्त्र केन्द्रीय विभाग
## महेन्द्रनगर, कंचनपुर

**शोध प्रस्तावना लेखन, शोधकार्य तथा शोध प्रतिवेदन लेखन अभिमुखिकरण फाराम**

फाराम सि. नं.

श्री विभाग प्रमुख/शोध व्यवस्थापन प्रमुखज्यू,
शिक्षाशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर

उपरोक्त सम्बन्धमा मैले स्नातकोत्तर तहको चौथो सेमेस्टरको नियमित सबै आवश्यकताहरू पूरा गरी अन्तिम परीक्षामा सफल भएकोले चौथो सेमेस्टरको शोधपत्र लेखनका लागि आवश्यक शोध प्रस्ताव तथा शोधकार्यका विभिन्न पक्षहरू सम्बन्धी अभिमुखीकरण कार्यक्रममा सहभागी गराइदिन सादर अनुरोध गर्दछु ।

अभिमुखिकरण, **प्रस्तावना** लेखन तथा मूल्याङ्कन शुल्क रु १५०० बुझाएको भौचर यसै निवेदन साथ संलग्न गरिएको छ ।

छात्र शिक्षकको नाम: …………………………………       तह: …………… सेमेस्टर:……….

क्याम्पस रोल नं.: ……….

परीक्षाक्रमाङ्क: ……………       वर्ष: ……………… B.S. (……………..A.D.)

सु. प. वि. दर्ता (Registration) नं.: ………………………………..

विशिष्टीकरण/मुख्य विषय: …………………..

स्थायी ठेगाना: प्रदेश…………………जिल्ला ………………गा.पा./न.पा………………….. वडा नं.: …

हाल बसेको ठेगाना: ……………………………………………………………………..

सम्पर्क नं.: ………………………

शोध शीर्षक: ……………………………………………………………………………

आवेदनकर्ताको:
हस्ताक्षर ………………..
मिति  …………………..